जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १९४ • २०८३ बैशाख २२ गते मंगलवार • 5 May. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## जलेश्वरको समुदायमा आधारित रोग निगरानी प्रणाली सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, २१ बैशाख**

जलेश्वर नगरपालिका-१ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा पिएचआरडी नेपाल र युनिसेफको सहकार्यमा समुदायमा आधारित रोग निगरानी प्रणाली विषयक एकदिने अभिमुखिकरण कार्यक्रम गरिएको छ ।

समुदायमा फैलिन सक्ने महामारी तथा अनपेक्षित जनस्वास्थ्य जोखिमलाई समयमै पहिचान गरेर नियन्त्रण गर्न जलेश्वर नगरपालिकामा समुदायमा आधारित रोग निगरानीढ प्रणाली सञ्चालनमा ल्याएको छ । समुदायमा देखिने विभिन्न रोग तथा असामान्य स्वास्थ्य गतिविधि र घटनाहरूलाई छिटो पहिचान गरी संक्रमण एवम् महामारी फैलिन नदिन, जनस्वास्थ्यको सुरक्षा गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको केन्द्र प्रमुख विशालकुमार चौधरीले बताए । समुदायबाट रोगको जानकारी संकलन, सत्यतथ्य जाँच, प्राप्त तथ्याङ्कको



अभिलेख राखी विश्लेषण गरेर तत्काल प्रतिक्रिया विधिबारे कार्यक्रम अधिकृत लेखनाथ यादवले सहभागीलाई जानकारी दिए । समुदायका सबै वर्ग मिलेर काम गरे मात्र रोगको प्रभावकारी निगरानी सम्भव हुने बताउँदै यादवले मुख्य लक्ष्य भनेको रोग फैलिएपछि उपचार गर्नुभन्दा रोगलाई सुरुवाती अवस्थामै पहिचान गरेर सूचना प्रवाह गर्नु हो। कुनै पनि नयाँ वा शंकास्पद रोगढ देखा परेमा नजिकको स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी लगायत सरकारले सञ्चालन गरेको 'हेल्लो स्वास्थ्य' को पैसा नलाग्ने ११९५ मा फोन गरेर पनि जानकारी दिन सहभागीहरूलाई आग्रह गरिएको थियो ।

वडा अध्यक्ष अनिल झालगायत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, शिक्षक, सामाजिक अगुवा, पत्रकार, आमा समूह, धार्मिक अगुवा तथा युवा क्लबका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको सो अभिमुखिकरण कार्यक्रममा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कल्पना शिवाकोटी, शिक्षक नायडु नेपाली र पत्रकार राकेशप्रसाद चौधरीले समुदायमा रोग पहिचान गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## जलेश्वरमा आगामी वैशाख २५ गते वृहत् निःशुल्क प्रजनन स्वास्थ्य शिविर आयोजना हुने



**मो. इर्शाद**
**महोत्तरी, २१ बैशाख**

महोत्तरीको जलेश्वर नगरपालिकामा महिलाहरूको प्रजनन स्वास्थ्यलाई लक्षित गरी आगामी बैशाख २५ गते वृहत् निःशुल्क स्वास्थ्य शिविर आयोजना हुने भएको छ । नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा वडा नं. ४ स्थित श्री शुकदेव उच्च माध्यमिक विद्यालय, सुगाको प्राङ्गणमा उक्त शिविर सञ्चालन हुन लागेको हो । शिविरको पूर्वतयारीका सन्दर्भमा सोमबार जलेश्वर उद्योग वाणिज्य सङ्घको सभाहलमा एक विशेष अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख संजय कुमार शर्माले शिविरको परिचय र उद्देश्यबारे प्रकाश पार्नुहुँदै स्थानीय स्तरमै विशेषज्ञ सेवा पुऱ्याउनु नगरपालिकाको प्राथमिकता रहेको बताउनुभयो । त्यस्तै, स्वास्थ्य शाखाका राम लला ठाकुरले शिविर सञ्चालनको प्रक्रिया र प्राविधिक पक्षबारे विस्तृत जानकारी गराउनुभएको थियो ।

शिविर स्थलका रूपमा चयन गरिएको श्री शुकदेव उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्ण चन्द्र चौधरीले कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालयको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । चिकित्सकहरूद्वारा महिलाहरूको

बांकी पृष्ठ २ मा ।








व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

कम विषादी, राम्रो बाली, स्वस्थ रहोस् हाम्रो थाली ।

सजग किसान, सहि पहिचान, प्राकृतिक-अर्ग्यानिक खेती नै महान ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय...................

# चुनौतीको चांग

*सरकारले आफ्नो अगाडि थुप्रै चुनौतीको चांग आफ्नै लागि कठिन परीक्षाको रूपमा उभ्याईरहेको देखिन्छ। प्रारम्भदेखि नै भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउने कार्य गरिरहेका छन । उसले समयमा नै पीडित जनतालाई न्याय दिलाउनु छ। सरकारले कुनै पनि कार्य गर्दा कुनै पनि खाले पूर्वाग्रहको छनक दिनुहुँदैन। कुनै पनि घटना जन्माएर जनताको विश्वास र भरोसा कुनै पनि हालतमा डगमगाउन दिनुहुँदैन। जनताले लामो समयदेखि आफूलाई आहुति दिएर प्राप्त गरेका लोकतान्त्रिक उपलब्धिहरूलाई कुनै पनि बहानामा हरण गर्ने कार्य गर्नु हुँदैन । हिजो हरेक क्षेत्रमा राजनीतिकरण भएका कारण कैयौं क्षेत्रले आफ्नो विश्वास गुमाउन पुगेका देखिन्छ । राज्यले लगानी गरेको शिक्षा तथा निजामती प्रशासनमा समेत राजनीति बढेकाले मुलुकले बेथितिको चरम उत्कर्ष भोग्नु परिरहेको थियो। हुँदाहुँदा सबैले सम्मानको दृष्टिले हेरिरहेको स्वतन्त्र र निष्पक्ष न्यायपालिकामा समेत राजनीतिको छायाँ पर्‍यो भन्ने भाष्यले मुलुक अप्ठ्यारो भिरालोतिर भासिँदै गरेको विश्लेषण गरेको देखिन्छ।*

*यस्ता पक्षमा समेत वर्तमान सरकारले सुधारको अभियान अघि बढाउनुपर्ने भएका छन। यो अभियानमा अघि बढ्दै गर्दा सरकार अति गम्भीर हुनुपर्दछ अर्थात् पेसागत समुदायको संगठित हुन पाउने अधिकार कुनै बहानामा संकुचित बनाउने प्रयास गरियो भने त्यो सरकारकै लागि हानिकारक हुन सक्ने देखिन्छ, अन्तमा सरकारले दलगत खिलमात्र निकाल्ने हो, न कि पेसागत हक अधिकार ।*

# स्थानीय तहसँग परियोजनाको प्रारम्भिक समन्वय बैठक सम्पन्न



**मोनु गुप्ता**
**जनकपुरधाम, २१ बैशाख**

शिक्षा तथा सामुदायिक विकासलाई प्रभावकारी बनाउने उद्देश्यसहित शहीद नगरपालिकामा स्थानीय तहसँग परियोजना सम्बन्धी प्रारम्भिक समन्वय बैठक सम्पन्न भएको छ।

शहीद नगरपालिकाको सभाहलमा आयोजित उक्त बैठकको अध्यक्षता मेयर दिनेश प्रसाद यादवले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा उपमेयर सुनिता सिंहको उपस्थिति रहेको थियो । त्यसैगरी विशिष्ट अतिथिका रूपमा प्रमुख प्रशासकीय अधिकृत अनिल कुमार झा सहभागी हुनुभएको थियो । आयोजक संस्था आसमा नेपाल रहेको कार्यक्रममा हेल्मपर फाउन्डेसन र स्ट्रिट चाइल्ड अफ नेपालको साझेदारीमा सञ्चालन हुन लागेको “बिल्ड द बेसिक्स” परियोजनाबारे विस्तृत प्रस्तुति तथा छलफल गरिएको थियो ।

कार्यक्रममा आसमा नेपालका अनुगमन तथा मूल्यांकन अधिकृत मुकेश कुमार रजक, त्वची प्रशिक्षक अशोक कुमार चौधरी, त्वची मेन्टर रञ्जेश यादव, शहीद नगरका शिक्षा शाखा प्रमुख प्रदीप मुखिया लगायतको उपस्थिति रहेको थियो। साथै जनता माध्यमिक विद्यालय कुम्भकरणका प्रधानाध्यापक श्री प्रसद गोहिवारले परियोजनासम्बन्धी प्रस्तुति दिनुभएको थियो ।

नगरपालिकाभित्रका ३० वटा विद्यालयका प्रधानाध्यापकहरूको सक्रिय सहभागिता रहेको उक्त कार्यक्रममा विभिन्न वडाका वडाध्यक्षहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा नगर प्रमुखले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउँदै परियोजनाले विद्यालयस्तरमा सुधार ल्याउने विश्वास व्यक्त गर्नुभयो । सहभागीहरूले परियोजनाको उद्देश्य, कार्यान्वयन प्रक्रिया, लक्षित वर्ग तथा अपेक्षित उपलब्धिबारे आ-आफ्ना धारणा राख्दै स्थानीय तह र सरोकारवालाबीचको सहकार्य अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए । परियोजना मार्फत आधारभूत शिक्षा सुदृढीकरण, बालबालिकाको सिकाइ स्तर सुधार तथा समुदायमा सकारात्मक परिवर्तन ल्याउने लक्ष्य राखिएको छ । बैठकको अन्त्यमा सहभागीहरूले परियोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# ‘मिस मिथिला नारी सौन्दर्य प्रतियोगिता’ आयोजना



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ बैशाख**

मिथिलाको कला, संस्कृति र सौन्दर्यलाई व्यापक स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ ‘मिस मिथिला नारी सौन्दर्य प्रतियोगिता’ आयोजना हुन लागेको छ । कार्यक्रमको आधिकारिक घोषणा जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरि गरिएको हो। काठमाडौंस्थित थर्ड आइ स्टुडियो प्रा.लि.ले आयोजना गर्न लागेको यस प्रतियोगिताले मिथिलाको मौलिकता, पहिचान र परम्परागत सौन्दर्यलाई आधुनिक मञ्चमार्फत उजागर गर्ने लक्ष्य लिएको छ। कार्यक्रमका संयोजक हरिस जैसवालका अनुसार यो सौन्दर्य प्रतियोगिता मात्र नभई मिथिलाको सांस्कृतिक प्रतिनिधित्व गर्ने राष्ट्रिय परियोजनाका रूपमा अघि बढाइएको हो । ‘हामी मिथिलाको मौलिक पहिचानलाई विश्वसामु प्रस्तुत गर्न चाहन्छौं । सहभागी युवतीहरूलाई प्रतिस्पर्धामा सीमित नराखी उनीहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि र भविष्य निर्माणमा पनि विशेष ध्यान दिनेछौं,’ जैसवालले भने ।

प्रतियोगिताको अडिशन जेठ १६ गते जनकपुरधाम र जेठ २३ गते काठमाडौंमा सञ्चालन गरिनेछ भने फाइनल असार २७ गते काठमाडौंमै हुने कार्यक्रम तय गरिएको छ । प्रतियोगितामा सहभागी हुन चाहनेले इ-सेवामार्फत मात्र १०० रुपैयाँ शुल्क तिरेर अनलाइन फारम भर्न सक्ने व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

यस प्रतियोगितामा परम्परागत पहिरनलाई प्राथमिकता दिइएको छ। सहभागीहरूले साडी र कुर्ता सुरुवाल मात्र लगाउनुपर्नेछ भने वेस्टर्न ड्रेसलाई पूर्ण रूपमा निषेध गरिएको छ। आयोजकका अनुसार यसले मिथिलाको मौलिक पहिरन र संस्कृतिलाई प्रवर्द्धन गर्नेछ। प्रतियोगितामा प्रथम हुने विजेताले स्कुटी पुरस्कार प्राप्त गर्नेछिन् भने द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतिस्पर्धीलाई नगद पुरस्कार प्रदान गरिनेछ । साथै, उत्कृष्ट प्रतिभालाई विभिन्न राष्ट्रिय परियोजनामा संलग्न गराई उनीहरूको करियर निर्माणमा सहयोग गर्ने योजना रहेको आयोजकले जनाएको छ ।

## *जलेश्वरमा आगामी वैशाख......................*

प्रजनन रुग्णता (Reproductive Morbidity) को एकीकृत परीक्षण, स्क्रिनिङ तथा स्वास्थ्य परामर्श प्रदान गरिने स्वास्थ्य शाखाले जनाएको छ। विशेष गरी दुर्गम र विपन्न वर्गका महिलाहरूलाई आफ्नै पायक पर्ने स्थानमा अत्याधुनिक र निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु यस शिविरको मुख्य लक्ष्य रहेको छ।

स्वयंसेविका परिचालन शिविरलाई प्रभावकारी बनाउन र लक्षित वर्गसम्म सूचना पुऱ्याउन महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सक्रिय रूपमा परिचालन गर्ने निर्णय गरिएको छ । उनीहरूले गाउँ-गाउँमा पुगेर महिलाहरूको प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्ने र शिविरसम्म ल्याउन सहजीकरण गर्नेछन् । “कुनै पनि महिला उपचार र परीक्षणबाट वञ्चित नहुन् भन्ने हाम्रो मूल उद्देश्य हो,“ स्वास्थ्य शाखाले जनाएको छ । शिविरका लागि आवश्यक सम्पूर्ण प्राविधिक तयारी, उपकरण र जनशक्तिको व्यवस्थापन पुरा भइसकेको आयोजकले जानकारी दिएको छ।

## तपाईको टुडे

मेषः खानपानमा समस्या आउने
वृषः अशुभ समाचार प्राप्त हुने
मिथूनः अनावश्यक चिन्ता
कर्कटः लामो यात्राको योग छ
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः आम्दानी हुने
तुलाः विचार गरेर बोल्नुहोला
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः पिछडेको साथी मिल्ने
मकरः मनमा पछुतो आउने
कूम्भः मित्रतामा फाटो आउने
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानको शान्ति प्रस्तावमा ट्रम्पको प्रतिक्रियाः 'समीक्षा गर्नेछु, तर स्वीकार्य हुने सम्भावना कम छ'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ बैशाख**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानद्वारा युद्ध अन्त्यका लागि पठाइएको पछिल्लो १४ बुँदे प्रस्तावमाथि चाँडै समीक्षा गर्ने बताएका छन् । यद्यपि, उक्त प्रस्ताव वर्तमान अवस्थामा स्वीकार्य हुनेमा उनले गम्भीर शङ्का व्यक्त गरेका हुन् ।

आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मार्फत जानकारी दिँदै राष्ट्रपति ट्रम्पले बताएका छन्, "म इरानले भर्खरै पठाएको योजनाको चाँडै समीक्षा गर्नेछु, तर त्यो स्वीकार्य होला भन्ने म कल्पना गर्न सक्दिनँ ।" यसअघि पत्रकारहरूसँगको कुराकानीमा ट्रम्पले आफूलाई उक्त सम्झौताको 'अवधारणा' बारे जानकारी गराइएको र अहिले विस्तृत मस्यौदाको पर्खाइमा रहेको बताएका थिए । उनले इरानलाई चेतावनी दिँदै भने, 'यदि उनीहरूले खराब आचरण प्रदर्शन गरे वा कुनै गलत कदम चालेमा अमेरिकी सेनाले पुनः सैन्य कारबाही सुरु गर्न सक्ने सम्भावना छ ।'

पाकिस्तान मार्फत अमेरिकालाई पठाइएको उक्त १४ बुँदे प्रस्तावमा इरानले मुख्यतया सैन्य आक्रमण विरुद्धको ग्यारेन्टी, यस क्षेत्रबाट अमेरिकी सेनाको फिर्ती, रोक्का गरिएको इरानी सम्पत्तिको फुकुवा र आर्थिक प्रतिबन्धहरू हटाउनुपर्ने माग राखेको छ । सञ्चारमाध्यमहरूका अनुसार उक्त प्रस्तावमा हर्मुज जलसन्धिका लागि नयाँ संयन्त्र निर्माण गर्नुपर्ने र लेबनानसहित सबै मोर्चामा जारी युद्ध अन्त्य गर्नुपर्ने विषय समेत समावेश गरिएको छ । हाल अमेरिका र इरानबीचको तनावपूर्ण सम्बन्धका बीच ट्रम्पको यो भनाइले कूटनीतिक वृत्तमा चासो बढाएको छ । उक्त प्रस्तावका विस्तृत बुँदाहरूको अध्ययनपछि अमेरिकाले आफ्नो औपचारिक धारणा सार्वजनिक गर्ने अपेक्षा गरिएको छ ।

# घरजग्गा कारोबारमा सम्पत्ति शुद्धीकरण निगरानी र नियमनमा कडाइ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ बैशाख**



नेपाल राष्ट्र बैंकका वित्तीय जानकारी एकाइका सहायक निर्देशक कमल पौडेलले अवैध रूपमा कमाएको धन शुद्धीकरण गर्ने उद्देश्यले घरजग्गामा लगानी गर्ने प्रवृत्ति बढेकाले यसमा विशेष निगरानी गरिरहेको बताएका छन् ।

राजधानीमा आयोजित एक कार्यक्रममा बोल्दै उनले नेपाल सम्पत्ति शुद्धीकरणको मामिलामा दोस्रो पटक ग्रेलिस्टमा परेकाले यसबाट बाहिर निस्कन घरजग्गा कारोबारको नियमनमा कडाइ गरिएको स्पष्ट पारे ।

पौडेलका अनुसार सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले घरजग्गा व्यवसायीलाई 'सूचक संस्था' का रूपमा तोकेको छ, जसका कारण शंकास्पद तवरले घरजग्गा किन्न खोज्ने ग्राहकको पहिचान गरी सरकारलाई सूचना दिनु व्यवसायीको कानुनी दायित्व हो। अस्वाभाविक रूपमा ठूलो रकमको कारोबार वा उच्च पदस्थ व्यक्तिले शंकास्पद धन लगानी गरेमा त्यसको स्रोत खोज्नुपर्ने र व्यवसायीले ग्राहकको सम्पत्तिको स्रोत खुलाउने फारम भराएर शंका लागेमा वित्तीय जानकारी एकाइलाई रिपोर्ट गर्नुपर्ने प्रावधान रहेको छ । सम्पत्ति शुद्धीकरणलाई दोस्रो चरणको अपराधका रूपमा व्याख्या गर्दै उनले अपराधीहरूले घरजग्गा व्यवसायलाई आफ्नो धन वैध बनाउन प्रयोग गर्न सक्ने भएकाले त्यस्तो जोखिमबाट जोगिन व्यवसायीहरूलाई आग्रह गरे ।

यसैबीच, नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले सरकारले लागू गरेको ३ करोड रुपैयाँसम्मको होम लोन सुविधा व्यवहारमा उपयोग गर्न कठिन रहेको बताएका छन् ।

# सरकारको सीमाना नीति र डोजर आतंकविरुद्ध राष्ट्रिय एकता दलको काठमाडौंमा प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ बैशाख**




राष्ट्रिय एकता दलले सीमाना क्षेत्रमा लागू गरिएको रु १०० को प्रावधान खारेजी तथा तथाकथित "डोजर आतंक" को अन्त्यको माग गर्दै आज काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गरेको छ ।

करिब २०० जनाको सहभागिता रहेको उक्त प्रदर्शनमा दलका कार्यकर्ता तथा नेताहरूले चर्को नाराबाजी गर्दै सरकारप्रति असन्तुष्टि व्यक्त गरे । सहभागीहरूले सीमाना क्षेत्रमा गरिब नागरिकमाथि भइरहेको अन्याय, कडाइ र भेदभावपूर्ण व्यवहारको विरोध गरे । कार्यक्रम दलका केन्द्रीय अध्यक्ष विनय यादवको नेतृत्वमा सम्पन्न भएको थियो । साथै नेता तोयानाथ दहाल, कालानंद मिश्र र प्यारी तामाङ लगायतले पनि सम्बोधन गरेका थिए । अध्यक्ष यादवले "सीमानामा रु १०० को नाममा गरिबमाथि अन्याय भइरहेको छ। सरकार धनीका लागि नियम फितलो बनाउँछ, तर गरिबका लागि कडा। एयरपोर्टबाट सुन र रक्सी सजिलै छिर्छ, तर किसानले ल्याएको चामलसमेत जाँचिन्छ। यो दोहोरो मापदण्ड अब सहिँदैन। डोजर प्रयोग गरेर जनताको घर भत्काउने काम बन्द हुनुपर्छ। कुनै पनि कारवाही पूर्व सूचना बिना गरिनु मानव अधिकारको ठाडो उल्लङ्घन हो", भने ।

# एनभीए लिगमा रुकुम पश्चिमको उदय : तेज बुढाको सपनाले पाएको सार्थकता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ बैशाख**



घरेलु भलिबलमा तीन विभागीय टोली र हेल्प नेपाल स्पोर्ट्स क्लबको दबदबालाई तोड्दै रुकुम पश्चिम भलिबल क्लब नयाँ च्याम्पियन बनेको छ ।

शनिबार सम्पन्न दशौँ पीएम कप एनभीए भलिबल लिग २०८३ मा रुकुम पश्चिम भलिबल क्लब पुरुषतर्फ र नेपाल पुलिस क्लब महिलातर्फ च्याम्पियन बन्यो । महिलातर्फ पुलिसले नै वर्चश्व कायम राख्दा पुरुषतर्फ भने यस पटक रुकुम पश्चिम नयाँ च्याम्पियनको रुपमा उदाएको छ ।

घरेलु भलिबलमा पछिल्लो दशक दबदबा बनाएको तीन विभागीय टोली देखि पाँच पटक एनभीए लिग जितिसकेको हेल्प नेपाल स्पोर्ट्स क्लबको वर्चस्वलाई तोड्दै कर्णाली प्रदेशको रुकुम पश्चिमले राजधानीमा आएर च्याम्पियनको कथा कोरेको छ । नेपाली भलिबलको इतिहासमा अब रुकुम पश्चिमको नाम इन्ट्री भइसकेको छ ।

गत शनिबार भएको फाइनलमा हेल्प नेपालले साविक विजेता समेत रहेको ५ पटकको च्याम्पियन हेल्प नेपाललाई सोझो सेटमा हरायो । रुकुमले लगातार तीन सेट जितेपछि खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो । पहिलो सेट टाइब्रेकरमा २७-२५ ले आफ्नो पक्षमा पार्दै अग्रता लिएको रुकुम पश्चिमले दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पार्दै २-० को अग्रता बनाएको थियो । तेस्रो सेट निकै प्रतिस्पर्धात्मक बनेको थियो । २४-२२ ले पछि रहेको अवस्थामा पनि रुकुमले पुनरागमन गर्दै २४-२४ को बराबरी गर्दै ३२-३० ले उक्त सेट आफ्नो पक्षमा पार्दै रोमाञ्चक जित निकालेको थियो । लिग चरणमा हेल्प नेपालसँगै पराजित भएर दोस्रो स्थानमा रहेको रुकुमले फाइनलमा त्यसको बदला मात्र लिएन, च्याम्पियन नै बन्यो ।

# धिरज र मिरुनाको 'कुस्ती' असोज ९ देखि प्रदर्शनमा आउने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ बैशाख**



अनिल योञ्जनको निर्माण तथा निर्देशन रहेको फिल्म 'कुस्ती' आगामी असोज ९ गतेदेखि प्रदर्शनमा आउने भएको छ । वितरक तथा प्रदर्शकको सल्लाह अनुसार फिल्म असोजमा ल्याउने तय भएको निर्देशक योञ्जनले जानकारी दिए ।

काठमाडौं तथा आसपासका क्षेत्रमा छायाङ्कन गरिएको फिल्म प्रेम कथा र कमेडी ड्रामामा निर्माण भएको हो । निर्देशक योञ्जनले प्रेम गरेता पनि स्वभाव भिन्नताले एकसाथ रहन सङ्घर्ष गरिरहेको जोडीको कथालाई फिल्ममा दर्शकले देख्न पाउने बताए । फिल्ममा अभिनेता धिरज मगर, मिरुना मगर, पुस्कर गुरुङ, लुनिभा तुलाधर, भोलाराज सापकोटा, दीकिला शेर्पा, रवीन्द्र झा, पुस्कर गुरुङ, राजाराम पौडेल, किरण केसी, लुनिभा तुलाधर, सूर्यमान लिम्बू, अरबिन गुरुङ, रजनी गुरुङ, सुवर्ण थापा लगायतका कलाकारको अभिनय छ ।

# भक्तिवेदान्त मिथिला इन्टरनेशनल पाठशाला मधेश प्याब्सनमा आवद्ध

**मोनु गुप्ता**
**जनकपुरधाम, २१ बैशाख**



जनकपुरधाम, वैशाख २०गते मधेश प्रदेशका निजी विद्यालयहरूको छाता संगठन मधेश प्याब्सनमा नयाँ विद्यालयहरूको आवद्धता तीव्र रूपमा बढ्दै गएको छ ।

यसै क्रममा जनकपुरधाम-८, धनुषास्थित भक्तिवेदान्त मिथिला इन्टरनेशनल पाठशाला विधिवत रूपमा मधेश प्याब्सनमा प्रवेश गरेको छ । आइतबार मधेश प्याब्सनका केन्द्रिय अध्यक्ष अमरेन्द्र कुमार झाको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न पदाधिकारी तथा सदस्यहरूको उपस्थितिमा उक्त विद्यालयलाई औपचारिक रूपमा संगठनमा स्वागत गरिएको हो। कार्यक्रममा अध्यक्ष झा तथा जिल्ला अध्यक्ष सुजित मिश्र लगायतले विद्यालयका प्रतिनिधिहरूलाई टीका तथा खादा लगाएर स्वागत गरेका थिए। उक्त विद्यालयका संस्थापक बिनोद यादव र सन्जीव कुमार साह रहेका छन् । उनीहरू इस्कोन जनकपुरधामसँग पनि आवद्ध धार्मिक अनुयायी भएको जनाइएको छ। धार्मिक पृष्ठभूमिका गुरु तथा शैक्षिक संस्थाहरूको मधेश प्याब्सनमा प्रवेशलाई संगठनले सकारात्मक संकेतका रूपमा लिएको छ ।

कार्यक्रममा संगठन विस्तार, शुल्क निर्धारण तथा शैक्षिक नीतिसम्बन्धी विभिन्न प्रस्तावहरूमाथि छलफल गरी महत्वपूर्ण निर्णयहरू समेत गरिएको छ । प्रमुख निर्णयहरू यसप्रकार छन : कक्षा ५ सम्मका विद्यालयका लागि नवीकरण शुल्क रु. १५०० र कक्षा ६ माथिका लागि रु. २००० निर्धारण गरिएको छ। उक्त शुल्क १५ दिनभित्र बुझाउने निर्णय गरिएको छ ।

नयाँ सदस्यता लिन चाहने विद्यालयका लागि रु. ५००० शुल्क तोकिएको छ। निजी विद्यालय सञ्चालन, नयाँ विद्यालय स्थापना तथा पुराना विद्यालयको स्तरोन्नति सम्बन्धमा छलफल गरिएको छ ।

केन्द्रिय महाधिवेशन तथा कोष स्थापना सम्बन्धी विषयमा पनि सहमति जुटाइएको छ। अनुपस्थित सदस्य विद्यालयहरूको विषयमा आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ । कार्यक्रमको अन्त्यमा आवश्यक सल्लाह तथा सुझावका लागि जिल्ला अध्यक्ष सुजित मिश्रसँग समन्वय गर्ने निर्णय सर्वसम्मतिले पारित गरिएको छ । मधेश प्याब्सनले प्रदेशभर निजी विद्यालयहरूलाई संगठित गर्दै शैक्षिक सुधार तथा गुणस्तर अभिवृद्धिमा भूमिका खेल्दै आएको छ ।

# आयोगले तत्काल सार्वजनिक गरोस् २३ र २४ भदौको प्रतिवेदन




- २३ र २४ भदौको आन्दोलनपछिका घटनाबारे मानवअधिकार आयोगले तयार पारेको प्रतिवेदन अझै सार्वजनिक नभएपछि आशंका र जिज्ञासा बढेका छन् । प्रतिवेदन छिटो सार्वजनिक नगरे आयोगको पारदर्शिता, विश्वसनीयता र जिम्मेवारीमाथि प्रश्न उठ्ने जोखिम छ । जनताको अधिकार, अन्तर्राष्ट्रिय छवि र मानवअधिकारको सम्मानका लागि आयोगले पूर्ण प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्छ । २३ र २४ भदौको जेन-जी आन्दोलनपछिका आठ महिनामा मुलुकले धेरै उतारचढाव भोगिसकेको छ ।

आन्दोलनका क्रममा ७६ जनाको मृत्यु र सयौं घाइते, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा, सुशीला कार्की नेतृत्वमा चुनावी सरकार गठन, प्रतिनिधिसभाको निर्वाचन हुँदै वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्ति जस्ता घटनाक्रम पछ्याउँदा मुलुकले समातेको तीव्र गतिको अनुभूति हुन्छ । २१ फागुनको निर्वाचनले जस्तो किसिमको राजनीतिक शक्ति समीकरण तय गऱ्यो, त्यसले मुलुकलाई धेरै कोणबाट नयाँ दिशातर्फ लैजाने विश्वास गरिएको छ ।

यद्यपि, २३ र २४ भदौको घटनाका बारेमा मानिसमा प्रश्न भने कायमै छन् । सरकारले गठन गरेको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले जनताको मनमा रहेको जिज्ञासालाई मेटाउने अपेक्षा गरिएको थियो तर उसले अपूर्ण प्रतिवेदन तयार गरेपछि धेरै राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनको प्रतीक्षा गरेका छन् । तर, आयोगले प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ गरेको छ । यसले आशंका बढाएको छ। तसर्थ, तयार भएको प्रतिवेदन तत्कालै सार्वजनिक गरिनुपर्छ। २३ भदौको आन्दोलनमा भएको दमनका कारण त्यसै दिन २१ जनाको मृत्यु भएको थियो। सयौं घाइते भएका थिए । भोलिपल्ट पनि प्रदर्शन भएपछि संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशका प्रतीकात्मक संस्थाहरूमा आगजनी गरिएको थियो । साथै, देशभरका थुप्रै सरकारी कार्यालय, व्यावसायिक तथा व्यापारिक केन्द्र, मिडिया हाउसमा पनि आगजनी गरिएको थियो । राष्ट्रिय मानवअधिकार आयोगले २४ भदौमै आयोगकी सदस्य लिली थापाको नेतृत्वमा अनुसन्धान टोली गठन गरेको थियो । आयोगको टोलीले ६ चैतमै प्रतिवेदन बुझाइसकेको छ । तर त्यसलाई सार्वजनिक गर्ने काम भने आयोगको प्राथमिकतामा पर्न सकेको छैन । बरु थप अध्ययन, संक्षिप्त प्रतिवेदन तयार पार्ने र सारांश निकाल्ने भन्दै आयोगका दुई सदस्य मिहिर ठाकुर र मनोज दुवाडीलाई जिम्मा दिइएको छ । जसले पूर्ण प्रतिवेदन सार्वजनिक नहुने वा चयनात्मक अंश मात्रै सार्वजनिक हुने सम्भावना बढेको छ। त्यसले भ्रम निवारण गर्नुको सट्टा विस्तार गर्ने जोखिम रहन्छ। तसर्थ आयोगले छिटोभन्दा छिटो पूर्ण प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । नेपालको संविधानले नै मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु मानवअधिकार आयोगको कर्तव्य हुने भनेको छ । यो आयोगका गतिविधिप्रति देशभित्र मात्रै होइन, बाहिर पनि सरोकार र चासो राखिन्छ । तसर्थ, कुनै पनि घटनामा आयोगले गर्ने अध्ययन र तयार पार्ने प्रतिवेदनको विशिष्ट महत्त्व हुन्छ। सरकारद्वारा गठित अस्थायी आयोगको प्रतिवेदनको विश्वसनीयतामाथि प्रायः प्रश्न उठ्ने गर्छ । तर आयोगको प्रतिवेदन र सिफारिसलाई भने निष्पक्ष ठानिन्छ। देशबाहिर पनि आयोगको प्रतिवेदनलाई महत्त्वका साथ हेरिन्छ । किनकि देशमा मानवअधिकारको स्थिति कस्तो रहेछ भनेर अन्तर्राष्ट्रिय समुदायले थाहा पाउने भनेकै मूलतः मानवअधिकार आयोगको प्रतिवेदनबाट हो। संयुक्त राष्ट्रसंघ अन्तर्गतको मानवअधिकार परिषद्मा हुने 'विश्वव्यापी आवधिक समीक्षा' मा मानवअधिकार आयोगको प्रतिवेदनलाई बलियो स्रोत मानिन्छ। खासगरी राज्यका तर्फबाट भएका मानवअधिकार उल्लंघनका घटनामा आयोगले निडरताका साथ प्रतिवेदन लेख्ने अपेक्षा गरिन्छ । जसले दोषी देखिएका संस्था तथा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन बलियो दबाब सिर्जना गर्न सक्छ। आयोगले त आयोगका सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम सार्वजनिक गरी मानवअधिकार उल्लंघनकर्ताका रूपमा अभिलेख राख्छ । यसले पनि देशभित्र मानवअधिकारको सम्मान र सुनिश्चितता गराउन आयोगको भूमिका उल्लेखनीय ठानिन्छ। देशबाहिर पनि आयोगको प्रतिवेदनलाई महत्त्वका साथ हेरिन्छ । किनकि देशमा मानव अधिकारको स्थिति कस्तो रहेछ भनेर अन्तर्राष्ट्रिय समुदायले थाहा पाउने भनेकै मूलतः मानवअधिकार आयोगको प्रतिवेदनबाट हो । संयुक्त राष्ट्रसंघअन्तर्गतको मानवअधिकार परिषद्मा हुने 'विश्वव्यापी आवधिक समीक्षा' मा मानवअधिकार आयोगको प्रतिवेदनलाई बलियो स्रोत मानिन्छ । मानवअधिकारसँग सम्बन्धित सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको जानकारी पनि आयोगकै प्रतिवेदनबाट विश्वले थाहा पाउन सक्छ ।

आवधिक तथा विशिष्ट समयका प्रतिवेदनहरूले विश्वमाझ नेपालको छवि प्रस्तुत गर्छन् । जसकारण, नेपालका तर्फबाट अन्तर्राष्ट्रिय मञ्चहरूमा हुने उपस्थितिलाई आयोगको प्रतिवेदनले प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पनि पार्ने गर्छ । शान्तिसेना वा अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागी हुन मानवअधिकार आयोगको प्रतिवेदन बलियो सन्दर्भ स्रोतका रूपमा रहन्छ । त्यसैले मानवअधिकार आयोगको प्रतिवेदन तयार गर्ने क्रममा हेलचक्र्याइँ गर्ने छुट हुँदैन । किनकि, आयोगसहित समग्र देशकै गरिमासँग गाँसिने विषय हो । त्यसैकारण, सरकारले गठन गरेको पटके आयोगभन्दा मानवअधिकार आयोग र यसको प्रतिवेदनलाई बढी विश्वसनीय मानिन्छ । आयोगले प्रतिवेदन तयार गरिसकेपछि सार्वजनिक गर्ने विषय उसको पारदर्शिताको सवाल पनि हो। केही कमजोरीका बाबजुद अहिलेसम्म मानवअधिकार आयोगलाई स्वतन्त्र र निडर आयोगका रूपमा लिइन्छ ।

यदि आयोगले प्रतिवेदन गर्दैन भने उसको स्वायत्तता, स्वतन्त्रता र निडर छविमाथि प्रश्न उठ्छ । यसअघि १५ चैत २०८१ मा भएको तीनकुने घटनाको अध्ययन प्रतिवेदन पनि आयोगले सार्वजनिक गरेको छैन । जसकारण, उसमाथि प्रश्न उठिरहेको छ । यही स्थितिमा २३ र २४ भदौको प्रतिवेदन पनि सार्वजनिक नगर्ने हो भने उसले आफ्नो दायित्व पूरा नगरेको ठहर्छ । प्रतिवेदनमा २३ भदौको घटनाका लागि तत्कालीन प्रधानमन्त्री ओलीसहित राष्ट्रिय सुरक्षा परिषद्का जिम्मेवार अधिकारी तथा २४ भदौको तोडफोडमा संलग्नहरूमाथि अनुसन्धान गरी कारबाही हुनुपर्ने भनिएको अनौपचारिक ढंगबाट सार्वजनिक भएको छ । यतिबेला प्रतिवेदन सार्वजनिक नगर्न सरकारका तर्फबाट दबाब बढेको पनि बताइन्छ । विगतमा पनि सरकारको दबाब हुने गर्थ्यो तर आयोगले त्यसलाई सहजै झेल्थ्यो । यस पटक पनि आफ्नो स्वतन्त्र छवि र आफूप्रतिको विश्वास जोगाउन भए पनि प्रतिवेदन सार्वजनिक गरिनुपर्छ ।

साभार : कान्तिपुर ।


## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको विमालेख हराएको हुँदा एल.आई.सि. नेपाल को कुनैपनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम :** अन्सारुल राईन

बिमालेख नम्बर: २५१३२३१०५



## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको विमालेख हराएको हुँदा एल.आई.सि. नेपाल को कुनैपनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम :** शहनश खातुन

बिमालेख नम्बर: २५१३१९८९५






"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday